# मिति २०७४/११/१४ गते वसेको जिल्ला स्तरीय अनुगमन समितिको निर्णयहरु :

१) शंखरापुर नगरपालिका वडा नं ६ मा संचालनमा रहेका वासिङ्ग उद्योग (दक्षिणकाली देबी बालुवा खानी तथा प्रशोधन प्रा.लि. र वज्रयोगिनी वालुवा प्रशोधन उद्योगले न्यूनतम मापदण्ड (कच्चा पदार्थ ल्याउने स्रोतको IEE गरेको हुनुपर्ने वालुवा धोएर निस्कने पानी प्रसोधन गर्ने व्यवस्था उचित ढंगले गरेको लगायत) समेत पुरा गरेको नपाइएकाले ती उद्योगले न्यूनतम मापदण्ड पुरा नगरेसम्म संचालन गर्न रोक लगाउन शंखरापुर न.पा.लाई अनुरोध गर्ने ।

साथै मापदण्ड पुरा गरे/नगरेको अनुगमन गरी शंखरापुर नगरपालिकालाई सिफारिस गर्न देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| ईलाका प्रशासन कार्यालय, सांखुका कार्यालय प्रमुख | संयोजक |
| शंखरापुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| महानगरीय प्रहरी प्रभाग, सांखु (ईलाका प्रहरी) का प्रमुख | सदस्य |
| घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधि श्री रोमाकान्त पाण्डे | सदस्य |
| जि.स.स.को प्रतिनिधि यो.अ. तथा प्र.अ.श्री घनश्याम तिमिल्सिना | सदस्य सचिब |

उल्लेखित समितिले शंखरापुर नगरपालिकाका अन्य वासिङ्ग/फिरफिरे/क्रसर/खानी लगायत प्राकृतिक स्रोत उत्खनन तथा प्रशोधन भैरहेका अन्य स्थलहरु भए सो को समेत ७ दिन भित्र अनुगमन गरी तीनीहरुले ईजाजत/स्वीकृती लिए नलिएको, न्यूनतम मापदण्ड पालन गरे नगरेको आदि विषयमा राय सहितको प्रतिबेदन नगरपालिका र जिल्ला अनुगमन समितिमा बुझाउने ।

२) काठमाण्डौं जिल्ला भित्र स्वीकृती दिइएका वासिङ्ग/फिरफिरे/क्सर तथा खानीहरुले वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिन अपनाउनु पर्ने उपायहरु मा ध्यान दिए/नदिएको लगायतका वातावरणीय पक्षहरुमा आवश्यक अनुगमन गरी स्थानीय सरकारहरुलाई आवश्यक सुझाव उपलब्ध गराईदिन वातावरण बिभागलाई अनुरोध गर्ने । यसका लागि वासिङ्ग/फिरफिरे/हरुको विवरण घरेलु तथा साना उद्योग कार्यालय काठमाडौंले, क्रसरहरुको विवरण घरेलु तथा साना उद्योग विभागले र खानीहरुको विवरण नगरपालिकाहरुसँग समन्वय गरी जिल्ला समन्वय समितिले २०७४ फाल्गुण २० गते भित्र वातावरण विभागलाई उपलव्ध गराउने निर्णय गरियो ।

३) स्थानीयस्तरमा ढुंगा, गिट्टी, वालुवा, माटो लगायतका प्राकृतिक स्रोतहरुको अत्याधिक माग भईरहेकोले जथाभावी रुपमा उत्खनन हुन सक्ने सम्भावना समेत भएको हुँदा आ-आफ्ना नगरपालिका भित्रको प्राकृतिक स्रोतको उचित व्यवस्थापनको प्रवन्ध मिलाई जथाभावी उत्खनन हुन नदिन सवै न.पा.हरुलाई अनुरोध गर्ने । यस कार्यमा अन्य निकायको सहयोग आवश्यक भई अनुरोध भएमा सम्वन्धित निकायले न.पा.लाई सहयोग उपलब्ध गराउने ।

४) वासिङ्ग/फिरफिरेहरुको इजाजत दिने काम घरेलु तथा साना उद्योग कार्यालय तथा कम्पनि रजिष्टारको कार्यालयबाट, क्रसरहरुलाई इजाजत दिने काम घरेलु तथा साना उद्योग विभागबाट र जग्गा प्लटिङ्ग गर्ने इजाजत उपत्यका विकास प्राधिकरण अन्तर्गतबाट हुने भएकाले आफूले इजाजत दिइएका उद्योगहरुले न्यूनतम शर्त/मापदण्ड पालन गरे/नगरेको सम्बन्धमा आफू वा अन्तर्गतबाट समय समयमा अनुगमन तथा आवश्यक निर्देशनका लागि इजाजत जारी गर्ने निकायहरुलाई समेत अनुरोध गर्ने निर्णय गरियो ।